**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

यस गरिमामय सातौ गाउँसभामा सम्बोधन गर्दैगर्दा हामी सबैका लागि अवसर र गौरब ठानेको छु ।भने अर्कोतर्फ हाम्रो सामु कोभिड -१९ नामको कोरोना भाइरसवाट सिर्जित विश्वव्यापी महामारीका कारण उत्पन्न असहज परिस्थिती र बन्दावन्दी बीच आज म आर्थिकक वर्ष २०७७।७८ को नीती तथा कार्यकम यस गरिमामय सभा समक्ष सम्वोधन गरिरहदा जनताको जीवन रक्षा र मुलुकको आर्थीक सामाजिक जीवन सुरक्षाको प्रश्नले अत्यन्त गंभीर भएको छ । जनता र सरकार मिलेर नै हरेक प्रकारका चुनौती र संकटवाट पार पाउन सकिन्छ भन्ने उद्देश्यका साथ हामीले तीन तहको शासन प्रणालीका रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थापीत गरेका हौ । यस चुनौतीपूर्ण घडीमा गाउँ सभालाई सम्वोधन गरिरहँदा म संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्तात्मक राज्य स्थापनाका लागि भएका जनयुद्ध जनआन्दोलन र बिभिन्न समयमा यएका जनसंघर्षहरुमा बलिदान गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवम् जनजीवनका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नु हुने अग्रज हरुप्रति उच्च सम्मान गदै नेपाली समाजको रुपान्तरणमा सहयोग पुप्याउनु हुने राजनीतिक दल,बुद्धिजिवी,समाजसेवी,व्यापारी,व्यवसायी,पत्राकार,पेशाकर्मी,उधोगपति,शिक्षकबर्ग,कर्मचारी सबैको योगदानको स्मरण गर्न चाहन्छु ।यस अवसरमा घाइते र वेपत्ता नागरिकहरुलाई सम्मान अर्पण गर्दछु । साथै कोभिड -१९ को संक्रमण बाट उच्च सर्तकता अपनाउदै यस बाट कोहि पनि नआत्ति धैर्यताका साथ कोरोना बिरुद्धको लडाई जित्न सवै थवाङबासी समुदायमा हार्दिक अपिल गर्दछु।

कोभिड १९ का कारण विश्वभर संकट पैदा हुनुका साथै उल्लेख्य रुपमा जनधनको क्षेती भएको छ । यस महामारीका कारण अहिलेसम्म ज्यान गुमाउने हुने सवै व्यक्तिहरुप्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै महामारीबाट संक्रमित सम्पुर्ण दिदिबहिनी तथा दाजुभाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

यस महामारी रोकथाम नियन्त्रण र उपचारका लागि स्थानीय सरकारले कोभिड १९ नियन्त्रण तथा उपचार कोष स्थापना गरी पूर्ण सामर्थ्यकासाथ

यस गाउँपालिकामा कोभिड १९ नियन्त्रण तथा उपचारमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न राजनितिक दल निजीक्षेत्र सहकारी क्षेत्र सामुदायीक संघ सस्था संचार क्षेत्र लगायत यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,कर्मचारीहरुको उच्च लगाब मेहनत र कार्य कुशताकाका कारण यस गाउँपालिकामा हालसम्म पनि कोरोना भाइरसको कारण बाट कोही पनि व्यक्ति संक्रमण नभएकोले कोभिड-१९ को उच्च सफलताको लागि सम्पूर्ण कर्मचारी जनप्रनिधिहरु ,स्थानीयबासी हरुको उच्च मुल्याकन गर्दै उहाँहरुको काम र मेहनतको लागि स धन्यबाद प्रकटका साथ सम्मान व्यक्त गर्दै यस सभामा जानकारी गराउन चाहन्छु ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि स्थानीय सरकारले विशेष कार्यक्रमहरु गर्दै गरिरहेका छ। प्रत्येक वडामा कम्तीम १२ देखि १५ शैयाको बेडको क्वारेन्टाइन निर्माण गरेको छ । स्वास्थ्य,उपकरण ,तथा औषधीको आपूर्तीको व्यवस्था मिलाईएको छ।

कोभिड १९ का कारण उत्पन्न असहज परिस्थितीमा खाद्य संकट आउन नदिन कोभिड विशेष राहत कार्यक्रम लागु सम्पन्न गरिएको छ।

स्थानीय सरकार स्थापनाबाट हालसम्म संचालन तथा सम्पादन गरिएका कार्यहरुबाट स्थानीयको कानुनी आधार निर्माण , प्रशासनिक व्यवस्था,र योजना प्रणली लगायतका क्षेत्रहरुमा कार्यपद्धति निर्माण भैसकेकाले अगामी आर्थीक वर्षमा जनअपेक्षअनुरुप सेवा प्रबाह र बिकास निर्माणका कार्यहरुलाई तिव्रता दिदै संमृद्ध थवाङ ,खुसी जनता को सोच र लक्ष्य हासिल गनै सहयोग पुग्ने छ ।

थवाङ गाउपालिका रोल्पा जिल्लाकै एकदमै बिकट र उच्च पहाडी भु भागमा रहेको ठाँउ भएकाले हिउँदमा उच्च हिमपात हुने र वर्षामा एकदमै बाढी ,पहिरोको जोखिम हुने भएकाले यातायात लगायत दैनिक कार्य सन्चालनमा समस्याहरुको सामाना गर्नुपर्ने अबस्था रहेको छ र पनि एकातिर उच्च हिमपात बाढि पहिरो भने अर्कोतर्फ कोभिड १९ को महामारीको अवस्थाबाट मुलुक हालसम्मको लकडाउनको बावजुद थवाङ गाउँपालिकाले आर्थीक वर्ष २०७६।७७ को कार्यक्रम/आयोजनाहरु तथा यस कार्यलयबाट प्रदान गर्ने सेवाहरु करिब ९० प्रतिशत काम सम्पन्न भएको यस गरिमामय सभामा

पेश गर्न चाहन्छु । साथै गाउँपालिकाका निर्माणधिन आयोजनाहरु टुटु बजार खेल मैदान, मरान्थाना सिडि निर्माण,युद्ध स्मारक तथा संगाहलय पार्क,सभा हल निर्माण ,जलजला अस्पताल तथा अनुसन्धान केन्द्र फिल्ड निर्माण ,तेलखोला भङरङ सडक निर्माण ,तिप्ता दुलीडाडा मोटरबाटो निर्माण ,सीवरी मोटरबाटो निर्मााण ,श्री भानुभक्त मा.बि रेकुनेटा भवन निर्माण ,आधारभुत स्वास्थ्य चैकी छेर्लोवाङ भवन निर्माण ,श्री हिमालय फुलबारी भवन निर्माण , सौर्य मिनि ग्रीड विवाङ, ठुलो गाउँ काफलडाडा खानेपानि आयोजना ,थवाांङ ठुलो गाउँ खानेपानि योजना ,मलागीरी घोरावाङ खानेपानि आअयोजना ,सान्दापानि खानेपानि योजना,श्री बिरबलभ्रद मा.बि नमुना बिद्यालय घोषण,सयौ गन्तव्य मध्येको एक गन्तव्य जलजला पर्यटन प्रर्वद्धन कार्यक्रम लगायतका कार्यक्रम /आयोजना हरु उदाहरणीय बन्ने कुरामा संङका छैन । यसर्थ चालु आर्थिक वर्ष २०७६।७७ को निति तथा कार्यक्रमहरु अपेक्षित समस्याका बावजुद पनि सफलता रहेको कुरा बिश्वास का साथ व्यक्त गर्दछु ।

थवाङ गाउपालिकालको दिगो विकास तथा शुसासनको लागि बनाएको मर्मत संभार सम्बन्धी कार्यविधि, कृषि अनुदान ऐन, घाइते जेष्ठनागरिक सम्बन्धी कार्यविधि, विपद् व्यवस्था, स्वास्थ्य लगायत विविध कार्यविधिहरुको साथ आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वातावरण तथा विपद व्यवस्था र वन सम्बन्धी कार्य, संचार क्षेत्रमा भएको पहल, संस्थागत विकास, मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमसँगको साझेदारी कार्यक्रम, संघ संस्था, प्रदेश सरकार, संघिय सरकारबाट प्राप्त कार्यक्रमहरु कार्यन्वयन भएका छन् ।

यस अवस्थामा प्रदेश सरकार,नेपाल सरकारबाट यस संकटको घडिमा पनि बिविध समयका परिपत्र,निर्देशन लगायत प्रत्यक्ष अप्रत्यक्ष रुपमा भैतिक प्राबिधिक तथा आर्थिक सहयोग गरी यस गाउँपालिकालाई अगाडि बढ्नको लागि थप उर्जा प्रदान गरेकोमा प्रदेश सरकार र नेपाल सरकारलाई हार्दिक आभार व्यक्त गर्दछु ।

**गाउँ सभाका सदस्यहरु तथा अतिथि महानुभावहरु,**

यस गरिमामय सभाको सातौ अधिवेशनमा थबाङ गाउँपालिकाको आ.व. २०७७।७८ को नीति कार्यक्रम सम्बन्धी सम्बोधन गर्न पाउदाँ मलाई गौरव अनुभुति भएको छ ।

अब म यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

**आर्थिक विकास तर्फ** "फलफूल खाउँ स्वस्थ्य रहौं" उद्देश्यका साथ "एक घर एक विरुवा" कार्यक्रमलाई निरन्तरता दिइने छ। माटो परिक्षण गरि पकेट क्षेत्र, ब्लक क्षेत्र निर्धारण गरिनेछ ।ओखर, हलुवावेद, स्याउ, किवि, टिमुर,कागती,कागजी बदाम लगायतका फलफूल उत्पादनमा जोड दिइनेछ। नर्सरी उत्पादन ,अन्न बाली,पशुपालन विकास, पशु नश्ल सुधार, गोठ सुधार कार्यक्रमहरुलाई अगाडी बढाइने छ । अल्लो उत्पादन,लालिगुराँसको जुस ,नेपाली कागज,बिविध प्रजातिका जडिबुटि उत्पादनको पहिचानमा जोड दिईनेछ ।सहकारी, निजी तथा सामादायीक क्षेत्रसँग सहकारी गरी साना तथा घरेलु उद्योमी बिकासमा जोड दिईनेछ। कृषी समुह तथा कृषी दर्ता कार्यलाई निरन्तरता दिइनेछ । दर्तावाला फर्म,कृषी समुह,सरकारी कृषीमा आधारित अनुदान कार्यक्रमहरुलाई अगाडि बढाइनेछ ।

**सामाजिक क्षेत्र तर्फ** शिक्षामा गुणस्तर बढाउन विभिन्न प्रकारका तालिम, शिक्षण सिकाईका कार्यक्रमहरु गरिने छ । बाल शिक्षामा जोड दिइने छ । उत्कृष्ट विद्यार्थी, अनाथ, विपन्न बालबालिकाहरुको लागि छात्रवृति व्यवस्था गरिने छ। पालिका भित्रको आर्थिक अवस्था कमजोर भएका विद्यार्थीको उच्च शिक्षाका लागि आर्थिक सहयोग कार्यक्रमलाई अगाडि बढाइने छ। कम्प्युटर शिक्षाको लागि कम्प्युटर लगायतका आवश्यक शिक्षण सामग्रीहरु उपलब्ध गरिने छ। विद्यालय खेल मैदान, विद्यालय भवन निर्माण, बालबालिका मैत्री शौचालय निर्माणका योजनाहरुलाई निरन्तरता दिइने छ

निशुल्क वितरण गरिने औषधीहरु सर्वसुलभ उपलब्धताको सुनिश्चितता गरिने छ। बालमैत्री, पूर्ण खोप, सरसफाईमा जोड दिइने छ। गर्वभती महिलाहरुका लागि निशुल्क भिडियो एक्सरे र ल्याब परिक्षण गरिने छ र वर्थीङ सेन्टरमा सुत्केरी हुन आउने सुत्केरीआमाहरुको लागि रु २००० का दरले यातायता सुबिधाको प्रदान गरिनेछ। बालबालिका, दलित, अपाङ्ग, जेष्ठनागरिक, आर्थिक रुपमा पछाडि परेका वर्गका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ।

जेष्ठनागरिक, अपाङ्ग तथा एकल महिलाको परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइने छ । थबाङ गाउँपालिकाको लोपउन्मुख कला संस्कृति प्रवर्द्धनमा जोड दिइने छ। सामाजिक कार्यको लागि युवा क्लबहरुलाई अगाडि बढाइने छ। खेलकुद विकासका लागि विभिन्न खेलकुद कार्यक्रमहरुमा जोड दिइने छ। "स्वच्छ पानी, स्वस्थ जिवन" भन्ने नाराका साथ एक घर एक धारा खानेपानी योजना कार्यक्रमलाई अगाडी निरन्तरता दिइने छ। वातावरण मैत्री आधुनिक चुलो व्यवस्था कार्यक्रमलाई अगाडि बढाइने छ।

**पूर्वाधार विकास तर्फः** जनताका अपेक्षित आयोजनाहरु पुरा गरिनेछ। प्रदेश संघ बाट सन्चालित सडक निर्माण योजना वन बातावरण सम्वन्धि कार्यक्रमहरुको निरन्तरता कार्यान्वयनमा जोड दिइनेछ । निर्माणधिन भवन निर्माण,सडक निर्माण,खानेपानि निर्माण कार्यहरुलाई निरन्तराता दिइनेछ।सुलीचौर फुलीवन उवा थवाङ मोटरबाटो र मिरुल थवाङ शहिद मार्ग बाटो अवरुद्ध कार्यलाई खोल्न पहल गरिनेछ। तत्काल गाउँपालिकाको प्राथामिकताको आधारमा भवन निर्माण मोटरबाटो खानेपानि ,पुल, पैदलबाटो(सोलीङ,सिडि),शौचालय लगायतका पूर्वाधार निर्माण कार्यहरु अगाडि बढाइनेछ। प्रदेश सघ बिभिन्न संघ, सस्था र दातृ निकाय सँगको साझेदारी कार्यक्रमहरुको सहकार्यमा जोड दिइनेछ।उज्यालो कार्यक्रमको लागि विद्युतीय प्रसारणको सवस्टेशन राख्न जोड दिइने छ। वैकल्पिक उर्जा र गाउँपालिकाको साझेदारीमा सन्चालित एक सय पचास वाटको मिनिग्रिट सौर्य उर्जा विवाङलाई सन्चालनमा ल्याईनेछ।लधु जलबिद्युत बिधुतिय पहुचबाट बनचित भएका बस्तिहरुमा सौर्य पाता जडान साझेदारु कार्यक्रम अगाडि बढाइनेछ । कोभिड-१९ को भाइरस कारणले समयमै सम्पन्न हुन नसकेका ठेक्का आयोजनाहरुको म्याद थप्ने व्यवस्थाा मिलाइनेछ ।

११. **वन, वातावरण तथा विपद् व्यवस्था तर्फ :**

"विपद सबैलाई पर्छ, हामी जुटे सजिलै टर्छ" भन्ने मान्यता अनुसार विपद व्यवस्थापन कोषलाई व्यवस्थीत गरिनेछ। कोभिड १९ को महामारी जोखिम नियन्त्रण तथा न्युनिकरणमा जोड दिइनेछ। वन संरक्षण, जलवायु अनुकुलन, र वातावरणीय दिगो विकासका कार्यक्रमलाई अगाडी बढाइने छ। वन तथा भूसंरक्षणका कार्यक्रमहरु सञ्चालन गरिने छ । पहिरो, नदिकटान रोक्न

आवश्यक तत्बन्धनका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ । फोहोरमैला व्यवस्थापन कार्यलाई अगाडि बढाइने छ । तालतलैया संरक्षण र निर्माण कार्यलाई अगाडि बढाइने छ ।

१२. सुशासन तथा संस्थागत विकास तर्फ :

। मानव संसाधन सम्बन्धी तथ्याङ्कहरुलाई व्यवस्थित गरिने छ । नागरिक सहायता कोष स्थापना गरि कार्यान्वयनमा लिइने छ ।गाउँपालिका र वडा कार्यलयहरुमा सार्वजनिक सुनुवाईको व्यवस्था गरिनेछ । गुनासो सुनुवाई गर्न वडा कार्यलयहरुमा गुनासो संयन्त्र निर्माण गरिनेछ । ज्येष्ठ नागरिक दीर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षाको कार्यक्रम अन्तर्गत लाभग्राही विवरण अनलाइनलाई अद्यावधि गर्न निरन्तरता दिइने छ । गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइने छ । स्थानीय तहको कर्मचारीहरुले अवकाशपछि प्राप्त गर्ने सुविधा व्यवस्थापनका लागि कर्मचारी कल्यान कोष स्थापना गरिनेछ । स्थानीय तहको शासन र प्रशासन संयन्त्रलाई  समावेशी र सेवामुखी बनाउनेमा जोड दिइनेछ । सरकारी सेवा प्रदायक निकायको दक्षता, जबाफदेहिता, पारदर्शिता, प्रभावकारिता शासन सुनिश्चित गर्न विभिन्न रेडियो, पत्रिका, अनलाइन र मोबाइल एप्स मार्फत सुचना प्रवाहलाई जोड दिइनेछ । योजनाहरुको डिपिआर,पालिकाको डिजिटल  प्रोफाइल र पालिकाको आवधिक योजनालाई यसै आर्थिक वर्ष कार्यान्वयन गरिनेछ ।

अन्तमा लामो संघर्षपछि प्राप्त संघीय व्यवस्थामा निर्दृष्ट उपलब्धीहरुलाई संस्थागत गर्ने कुरा थबाङ गाउँपालिकाको समृद्धिको यात्रा यसै नीति कार्यक्रमद्धारा संभव हुने कुराको विश्वास गर्दछु ।

धन्यवाद ।

वीर बहादुर घर्ति

अध्यक्ष